सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यू समक्ष माननीय महान्यायाधिवक्ता डा. दिनमणी पोखरेलले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन

## सार संक्षेप

नेपालको संविधानको धारा १५९ को उपधारा (१) मा महान्यायाधिवक्ताले प्रत्येक वर्ष यो संविधान र संघीय कानून बमोजिम आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपति समक्ष पेश गर्ने व्यवस्था रहेको छ । उपधारा (२) मा यसरी पेश गरिने प्रतिवेदनमा अन्य कुराका अतिरिक्त महान्यायाधिवक्ताले वर्षभरीमा संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाहको संक्षिप्त विवरण सहितको संख्या, सरकार वादी भई चलेका मुद्दा सम्बन्धी विवरण, नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण, नेपाल सरकार वादी भई चल्ने मुद्दामा भविष्यमा गरिनु पर्ने सुधार तथा अपराधका प्रवृत्ति सम्बन्धी विवरण उल्लेख गर्नुपर्ने व्यवस्था छ । सोही संवैधानिक व्यवस्था बमोजिम आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष प्रस्तुत गरेको छु ।

प्रस्तुत प्रतिवेदनमा रिट तथा मुद्दाको हकमा आर्थिक वर्ष बमोजिम र अन्य कार्यको हकमा २०८० पौष २० गते सम्म महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरुबाट सम्पादन भएका काम कारवाहीको विवरण, स्रोत साधनको अवस्था, भौतिक स्थिति, जनशक्तिको विवरण, कार्य सम्पादनमा देखिएका समस्या र चुनौति तथा सुझावहरू समेटिएका छन् । वार्षिक प्रतिवेदनको सार संक्षेप देहाय बमोजिम प्रस्तुत गर्दछुः

### १. कानूनी राय

आर्थिक वर्ष २०७९/०८० मा महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरुसँग ५१ वटा विषयमा कानूनी राय माग भएकोमा ४५ वटा विषयमा राय प्रदान गरिएको छ ।

### २. मुद्दा मामिला सम्बन्धी कार्य

यस आर्थिक वर्षमा नेपाल सरकार वादी भई मुद्दा चलाउने गरी निर्णय भएको मुद्दाहरूको संख्या **३८,९००** र प्रतिवादी संख्या **६३,१२१** रहेको छ । सोमध्ये मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ भित्रका मुद्दाको संख्या **३२,५६७** र प्रतिवादी संख्या **५४,९५९** रहेको छ । अनुसूची २ का मुद्दाको संख्या १,१३५ र प्रतिवादी संख्या **२,३६४** रहेको छ। विशेष सरकारी वकील कार्यालयबाट यस आर्थिक वर्षमा नेपाल सरकार वादी भई मुद्दा चलाउने निर्णय भएको मुद्दाहरूको संख्या **५,११५** र ती मुद्दाहरूमा जम्मा प्रतिवादी संख्या **५,६५६** रहेको छ । यसैगरी उच्च सरकारी वकील कार्यालयबाट यस आर्थिक वर्षमा नेपाल सरकार वादी भई मुद्दा चलाउने निर्णय भएको मुद्दाहरूको संख्या **८३** र ती मुद्दाहरूमा जम्मा प्रतिवादी संख्या **१४२** रहेको छ। यस आर्थिक वर्षमा घटेका अपराध सम्बन्धी विवरणहरु मध्ये अनुसूची १ भित्रका अपराधहरुको संख्या **५६,३२३** र सो ऐनको अनुसूची बाहिरको अपराध संख्या **१,१३५** गरी कुल **५७,४५८** अपराध घटेको तथ्यांक रहेको छ । महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनको संख्या **१,२५,८३०** रहेको छ । यो गत आर्थिक वर्षको भन्दा **१३.३२** प्रतिशतले बढी हो । नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा सरकारी वकील कार्यालयहरुबाट प्रतिरक्षा गरिएको मुद्दाको लगत संख्या **१,०७,९०८** रहेको देखिन्छ । नेपाल सरकार उपर परेका रिटको संख्या **१३,५४१** र अन्य निवेदनको संख्या ४,३८१ रहेको छ । विगत पाँच आर्थिक वर्षमा सरकारी वकीलले प्रतिनिधित्व र प्रतिरक्षा गरेको मुद्दा, रिट तथा निवदेनको संख्या **३९.६०** प्रतिशतले वृद्धि भएको छ । सो अनुसार जनशक्तिको वृद्धि हुन नसक्दा कार्य सम्पादनमा गम्भीर प्रभाव परेको छ ।

### ३. मुद्दा, रिट निवेदन तथा अन्य निवेदनको कार्यालयगत लगत फछ्र्यौट सम्बन्धी कार्य

महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरुको लगत संख्या १४,२८९ रहेकोमा २,९१४ थान फछ्र्यौट भएको छ । फछ्र्यौट भएका मुद्दामा सरकारी पक्षको सफलता प्रतिशत

४१.२८ रहेको छ । उच्च सरकारी वकील कार्यालयहरुबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरुको लगत संख्या **२९,३२२** रहेकोमा **१७,४१२** थान फछ्यौंट भएको छ । फछ्यौंट भएका मुद्दामा सफलता प्रतिशत **५३.५८** रहेको छ । विशेष सरकारी वकील कार्यालय, काठमाडौंबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा तथा निवेदनको लगत संख्या **१०,०२३** रहेकोमा **५,०१२** थान फछ्यौंट भएको छ । फछ्यौंट भएका मुद्दामा सफलता प्रतिशत **८३.६८** रहेको छ । जिल्ला सरकारी वकील कार्यालयहरुबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनको जम्मा लगत संख्या **७२,१९६** रहेकोमा **३६,७०३** थान फछ्यौंट भएको छ । फछ्यौंट भएका मुद्दामा सफलता प्रतिशत **७६.८४** रहेको छ ।

समग्रमा सरकार वादी मुद्दा, रिट र निवेदनमा **६९.१९** प्रतिशत सफलता प्राप्त भएको अवस्था छ । महान्यायाधिवक्ताको कार्यालयमा प्रति सरकारी वकील वार्षिक मुद्दाको लगत **३३२.३०** वटा, उच्च सरकारी वकील कार्यालयहरुमा प्रति सरकारी वकील वार्षिक मुद्दाको लगत **२६४.१६** वटा, विशेष सरकारी वकील कार्यालयमा प्रति सरकारी वकील **५०१.१५** वटा र जिल्ला सरकारी वकील कार्यालयहरुमा प्रति सरकारी वकील **२७९.८३** वटा मुद्दा रहेको छ । समग्रमा प्रति सरकारी वकील मुद्दा संख्या **२९१.२७** रहेको छ । सरकारी वकीलले सम्पादन गर्नुपर्ने अन्य कार्यसम्पादनलाई एकाई मानेर हेर्दा प्रति सरकारी वकील कार्यबोझ **८६८.२८** रहेको छ । संघीय संरचनाको कार्यान्वयन, नयाँ संहिताहरु र संविधानको मौलिक हक कार्यान्वयनका लागि बनेका ऐनहरुले बढाएको जिम्मेवारी समेतका आधारमा यो संख्या क्रमशः बढ्दै जाने अवस्था छ।

## ४. बजेट

आर्थिक वर्ष २०७९/०८० मा नेपाल सरकारबाट महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूको लागि रु. **१,३१,५६,३४,०००।-** विनियोजन भएको थियो । यो देशको कुल बजेटको **०.०७३** प्रतिशत हो । महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरुमा कार्यरत सरकारी वकील र कर्मचारीहरुको तलब, भत्तामा भएको कुल खर्च **रू. ७८,८५,८८,३२५.००** र कुल मुद्दा **१,२५,८३०** को अनुपात हेर्दा प्रति मुद्दा खर्च **रू ६,२६७.०९** भएको देखिन्छ ।

## ५. मुद्दा बाहेकका सम्पादित महत्वपूर्ण कार्यः

यस प्रतिवेदन अवधिमा सम्पादित महत्वपूर्ण कार्य देहाय बमोजिम रहेका छन्:

- कसूरको अनुसन्धान, अभियोजन र प्रतिरक्षालाई थप प्रभावकारी बनाउन अनुगमन तथा निरीक्षण, कार्यसम्पादन समीक्षा र क्षमता विकास सम्बन्धी क्रियाकलाप गरिएको;
- पीडित, साक्षी एवं शंकित व्यक्तिका अधिकारको संरक्षण गर्न हेलो साक्षी, समुदायमा सरकारी वकील कार्यक्रम र पीडित तथा साक्षीलाई परामर्श दिने गरिएको;
- मुद्दा तथा रिट निवेदनमा प्रभावकारी प्रतिरक्षा गर्न सरोकारवाला निकायसँगको समन्वय र सहकार्यलाई अभिवृद्धि गर्न विभिन्न अन्तरक्रिया तथा छलफल आयोजना गरिएको;
- सरकारी वकील कार्यालयका निर्माणाधिन भवनहरू सम्पन्नताका लागि प्राथमिकता दिइएको;
- सरकारी वकीलको कार्यसम्पादनमा उपयोगी विषयगत नजिर संग्रह तथा सरकारी वकील दिग्दर्शन लगायतका स्रोत सामग्रीहरू प्रकाशन गरी वितरण गरिएको;
- सरकारी वकीलको ७३ औं स्थापना दिवस र कोशी प्रदेश, मधेश प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी तथा कर्णाली प्रदेशमा प्रादेशिक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको;
- नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको बहस पैरवी तथा प्रतिरक्षा सम्बन्धी निर्देशिका, २०७९ जारी गरि कार्यान्वयनमा रहेको,
- प्रोवेशन तथा प्यारोल सम्बन्धी नीति, २०८० तर्जुमा गरी स्वीकृतिका लागि नेपाल सरकार समक्ष सिफारिस गरिएको,

- कैदीलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड तथा प्रोवेशन तथा प्यारोलमा छुट्ने कसूरदारले पालना गर्नुपर्ने शर्तहरू, २०८० जारी गरी कार्यान्वयनमा रहेको;
- सजायमा छुट दिने मागदावी सम्बन्धी निर्देशिका, २०८० जारी गरी कार्यान्वयनमा रहेको;
- विद्युतीय (इलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ बमोजिमको मुद्दा र बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड (ग) बमोजिमको चेक वाउन्स सम्बन्धी मुद्दा सुनुवाइ गर्ने क्षेत्राधिकार सम्बन्धित जिल्ला अदालतमा हुन पहल गरिएको,
- सरकारी वकीलबाट सम्पादन गरिने मुख्य कार्यलाई केन्द्रमा राखी ५ लक्ष्य, २९ रणनीति र २०४ क्रियाकलाप समावेश गरी तर्जुमा गरिएको महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७८/०७९ - २०८२/०८३) कार्यान्वयनको तेस्रो वर्षमा रहेको।

## ४. विद्यमान समस्या र सुझावहरु

### ४.१ समस्याहरु

**क.फौजदारी कानून कार्यान्वयन प्रभावकारिता सम्बन्धमा**

१. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) र दफा १६२(१) मा रहेका भाषिक स्पष्टता नरहँदा मुद्दा चलाउन समस्या रहेको र निश्चित वारदातलाई कानूनको दायरामा ल्याउन समस्या रहेको,

२. संगठित अपराध निवारण ऐन, २०७० को दफा ४ मा संगठित अपराधको तयारी, उद्योग, षड्यन्त्र, दुरूत्साहन गर्न र मतियार हुन नहुने भनी कसूर कायम गरिए तापनि सजायको व्यवस्था गरेको नदेखिएको,

३. प्रचलित कानून बमोजिम कसूरदार ठहर भई सजाय भुक्तान नगरी फरार रहेका कसूरदारलाई पटके कायम गरी थप सजायको लागि उत्तरदायी बनाउन समस्या रहेको,

४. मुलुकी अपराध संहिता, २०७४ र अन्य विशेष ऐनमा भएका कसूर र सजायका कतिपय व्यवस्थामा दोहोरोपना रहेको र एकरूपता नहुँदा द्विविधा परेको,

५. बालबालिका सम्बन्धी ऐन, २०७५ मा दिशान्तर गर्न सकिने दायरा साघुँरो भएको हुँदा दिशान्तरको प्रयोग प्रभावकारी हुन नसकेको,

६. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले आत्मसात गरेका दण्डका सुधारात्मक व्यवस्थाहरू कार्यान्वयनमा आउन नसकेको,

७. वन ऐन, २०७६ बमोजिमका कसूरको अनुसन्धान गर्ने र मुद्दा हेर्ने अधिकारी सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनमा कठिनाई भएको,

८. वन्यजन्तुको नक्कली आखेटोपहार तथा नक्कली संकटापन्न वन्यजन्तु र वनस्पतिको कारोवारलाई कसूरको दायरामा ल्याउन नसकिएको,

९. केवुलकार, न्याफ्टिङ, बन्जिजम्प, जिपलाइन लगायतका गतिविधिहरु संचालन र नियमित गर्ने कानूनी व्यवस्था हुन नसकेको,

१०. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची- २ अन्तर्गतका मुद्दाहरूको अनुसन्धान र अभियोजन प्रभावकारी हुन नसकेको।

**ख.अनुसन्धान र अभियोजन सम्बन्धमा**

१. बालबालिका सम्बन्धी ऐन, २०७५ मा उल्लेखित कसूरहरुको अनुसन्धान गर्न छुट्टै एकाइ गठन नहुँदा बालबालिका सम्बन्धी ऐनले गरेको व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन नसकेको,

२. विधिविज्ञान प्रयोगशालाको स्थापना, विस्तार र यसको कार्यादेश निर्धारण हुन नसकेबाट सो को लागि चाहिने आधुनिक प्रविधि र दक्ष जनशक्तिको अभाव रहेको कारण अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रियामा कठिनाई भएको,

३. विदेशी राज्यहरूसँग पारस्परिक कानूनी सहायता सन्धि भईनसकेको कारण संगठित रूपमा हुने अन्तरदेशीय कसूरहरूको न्यायिक कारवाहीका क्रममा आवश्यक प्रमाण संकलन र प्राप्तिमा कठिनाइ रहेको,

४. सरकार वादी हुने आर्थिक, वित्तीय र साइबर प्रवर्धित अन्य फौजदारी कसूरको अनुसन्धान गर्ने नेपाल प्रहरी अन्तर्गत अलग र विशिष्टीकृत प्रहरी समूहको स्थापना हुन नसक्दा अनुसन्धान र अभियोजन प्रभावकारी हुन नसकेको।

**ग. पीडितमैत्री /साक्षी संरक्षण कानून सम्बन्धमा**

१. साक्षीको संरक्षण तथा सुरक्षा सम्बन्धी छुट्टै कानून निर्माण हुन नसक्दा साक्षीहरू प्रतिकूल हुने र बकपत्र गर्न अनुपस्थित हुने अवस्था रहेको।

**घ. कानूनी राय ,परामर्श र प्रतिरक्षा सम्बन्धमा**

१. राज्यका निकायहरूबाट संवैधानिक तथा कानूनी विषयमा कानूनी राय परामर्श नलिई निर्णय हुने गरेबाट न्यायिक चुनौतीको विषय बनेका त्यस्ता त्रुटिपूर्ण निर्णयहरूको प्रतिरक्षा गर्न समस्या परेको,

२. नेपाल सरकार वा सरकारका विभिन्न निकाय वा पदाधिकारीले छुट्टै कानून व्यवसायी मुकरर गरी मुद्दामा प्रतिनिधित्व गर्ने कार्यले सरकारलाई थप अतिरिक्त व्ययभार पर्ने र अदालतमा प्रतिनिधित्व गर्दा समन्वयमा समस्या हुने गरेको।

**ङ. दण्डका सुधारात्मक उपायहरू सम्बन्धित कानून कार्यान्वयन सम्बन्धमा**

१. सर्वोच्च अदालतबाट आदेश भैसकेको अवस्थामा समेत फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले आत्मसात गरेका दण्डका सुधारात्मक व्यवस्थाहरू पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको,

२. महान्यायाधिवक्ताको कार्यालयबाट हिरासत, कारागार तथा बाल सुधार गृहको अनुगमन गरी तयार गरिएको प्रतिवेदन बमोजिमका सुझावहरू कार्यान्वयन हुन नसक्दा कैदी, थुनुवा तथा बालबालिकाले मानवोचित व्यवहार पाउन नसकेको।

**च. संस्थागत सुधार सम्बन्धमा**

१. नेपालको संविधानको धारा १६१ बमोजिम सरकारी वकील तथा महान्यायाधिवक्ताको कार्यालय मातहतमा रहने अन्य कर्मचारीहरूको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी कानून बन्न नसकेको,

२. महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयमा कार्यबोझको अनुपातमा जनशक्ति कमी हुनुका साथै विनियोजित बजेट कम रहेको,

३. रणनीतिक योजना तथा सो अनुरुपको वार्षिक कार्ययोजना कार्यान्वयनका लागि योजनाले प्रक्षेपण गरे बमोजिमको स्रोत साधन र सहयोग उपलब्ध हुन नसक्दा योजना कार्यान्वयनमा कठिनाई भएको।

**४.२ सुझावहरु**

**क. फौजदारी कानून कार्यान्वयन प्रभावकारिता सम्बन्धमा**

१. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) र दफा १६२(१) मा भाषिक स्पष्टता ल्याउन कानूनमा संशोधन गर्नुपर्ने,

२. संगठित अपराध निवारण ऐन, २०७० को दफा ४ मा संगठित अपराधको तयारी, उद्योग, षड्यन्त्र, दुरूत्साहन गर्न र मतियार हुन नहुने भनी कसूर कायम गरिएकोले सोही अनुरुप सजायको व्यवस्था समेत गर्नुपर्ने,

३. मुलकी अपराध संहिता, २०७४ को दफा ४४ को उपदफा (२) मा रहेको "... त्यस्तो सजाय भुक्तान गरेको" भन्ने कानूनी व्यवस्थालाई हटाउनु पर्ने,

४. मुलुकी अपराध संहिता र अन्य विशेष ऐनमा भएका एकै विषयका कसूर र सजायको व्यवस्थामा एकरुपता कायम हुने गरी सम्बन्धित कानूनमा संशोधन हुनुपर्ने,

५. अनुसन्धान गर्ने निकायका सबै कार्यालयमा बाल निगरानी कक्षको व्यवस्था हुनु गर्ने र कानूनको विवादमा परेका बालबालिकालाई दिशान्तर गर्ने कानूनी व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने,

६. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले गरेका दण्डका सुधारात्मक व्यवस्थाहरू कार्यान्वयनमा ल्याउनु पर्ने,

७. वन ऐन, २०७६ बमोजिमका कसूरमा अनुसन्धान र मुद्दा हेर्ने अधिकारी सम्बन्धी कानूनी प्रावधान संशोधन गर्नु पर्ने,

८. वन्यजन्तुको नक्कली आखेटोपहार तथा नक्कली संकटापन्न वन्यजन्तु र वनस्पतिको कारोवारलाई कसूरको दायरामा ल्याउनु पर्ने,

९. केवुलकार, र्‍याफ्टिङ, बन्जिजम्प, जिपलाइन लगायतका गतिविधिहरु संचालन र नियमित गर्ने कानूनी व्यवस्था हुनु पर्ने,

१०. नेपालको संविधान जारी हुनु भन्दा पहिलेदेखि लागु भएका विशेष फौजदारी कानूनहरूमा आवश्यक संशोधन गर्नु पर्ने।

**ख. अनुसन्धान र अभियोजन सम्बन्धमा**

१. बालबालिका सम्बन्धी ऐन, २०७५ मा उल्लेखित कसूरहरुको अनुसन्धान गर्न छुट्टै एकाइ गठन गर्नुपर्ने,

२. विधिविज्ञान प्रयोगशालाको विस्तार तथा आवश्यक पर्ने आधुनिक प्रविधि र दक्ष जनशक्तिको व्यवस्था गरिनु पर्ने,

३. अनुसन्धान र प्रमाण संकलनको लागि पारस्परिक कानूनी सहायता सम्बन्धी ऐन बमोजिम आवश्यक सन्धि/सम्झौता हुनु पर्ने,

४. सरकार वादी हुने आर्थिक, वित्तीय र साइबर प्रवर्धित अन्य फौजदारी कसूरको अनुसन्धान गर्न नेपाल प्रहरी अन्तर्गत विशिष्टीकृत अपराध अनुसन्धान प्रहरी एकाइको स्थापना हुनु पर्ने।

**ग. पीडितमैत्री /साक्षी संरक्षण कानून सम्बन्धमा**

१. साक्षीको सुरक्षा एवं संरक्षणका लागि छुट्टै कानून निर्माण हुनु पर्ने।

**घ. कानूनी राय ,परामर्श र प्रतिरक्षा सम्बन्धमा**

१. राज्यका निकायहरूबाट निर्णय गर्नु पूर्व संवैधानिक तथा कानूनी विषयमा कानूनी राय परामर्श लिई निर्णय गर्ने पद्दति विकास गर्नुपर्ने,

२. सरकारी वकील बाहेक नेपाल सरकार वा सरकारका विभिन्न निकाय वा पदाधिकारीले छुट्टै कानूनी सल्लाहकार राख्ने वा निज समेतबाट प्रतिनिधित्व गर्ने अभ्यास अन्त्य गर्नुपर्ने।

**ङ. दण्डका सुधारात्मक उपायहरू सम्बन्धित कानून कार्यान्वयन सम्बन्धमा**

१. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले गरेका दण्डका सुधारात्मक व्यवस्थाहरू कार्यान्वयनमा ल्याउनु पर्ने,

२. महान्यायाधिवक्ताको कार्यालयबाट भएको हिरासत, कारागार तथा बाल सुधार गृहको अनुगमन प्रतिवेदन कार्यान्वयन हुनु पर्ने।

**च. संस्थागत सुधार सम्बन्धमा**

१. नेपालको संविधानको धारा १६१ बमोजिम सरकारी वकील तथा महान्यायाधिवक्ताको मातहतमा रहने अन्य कर्मचारीहरूको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी कानून अविलम्ब बनाउनु पर्ने;

२. महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयमा कार्यबोझको अनुपातमा जनशक्तिको पुनरावलोकन र बजेट वृद्धि हुनु पर्ने;

३. पञ्चवर्षीय रणनीतिक योजनाले प्रक्षेपण गरेका कार्यक्रमको कार्यान्वयनका लागि योजनाले प्रक्षेपण गरे बमोजिमको स्रोत, साधन उपलब्ध हुनुपर्ने;

**अन्त्यमा,**

कानूनी शासनको सुनिश्चितता, नागरिक हक अधिकारको संरक्षण तथा फौजदारी न्याय प्रशासनको प्रभावकारी कार्यान्वयन मार्फत सुव्यवस्था कायम गर्ने कार्यमा महान्यायाधिवक्ताको कार्यालय प्रतिबद्ध रहेको छ । अभियोजन प्रणाली सुदृढ गर्ने तथा नेपाल सरकारको हक, हित र सरोकार निहित रहेका मुद्दामा प्रभावकारी प्रतिरक्षा गर्ने कार्यमा महान्यायाधिवक्ताको कार्यालय क्रियाशील रहेको छ । संवैधानिक तथा कानूनी जिम्मेवारी पूरा गरी भरोसायुक्त र पीडितमैत्री संगठनको रूपमा महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालय प्रतिबद्ध रहेको व्यहोरा सम्माननीय राष्ट्रपतिज्यू समक्ष सादर निवेदन गर्दछु । महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन प्रस्तुतिका लागि महत्वपूर्ण समय उपलब्ध भएकोमा सम्माननीयज्यू एवं सम्बद्ध सबै प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद।

मिति २०८० माघ ९ गते मंगलबार

डा. दिनमणी पोखरेल

महान्यायाधिवक्ता